# अनुसूचि २

## निक्षेपको लागि दरभाउपत्र पेश गर्ने फारामको नमुना

मिति : ..........................

श्री बैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय

नयाँवानेश्वर, काठमाण्डौं ।

विषय : शिलवन्दी दरभाउपत्र सम्बन्धी फाराम

तहाँ बोर्डको कल्याणकारी कोषमा रहेको रकम वाणिज्य बैंकहरुमा १ बर्षे/६ महिने मुद्दती निक्षेप/ कल निक्षेपमा राख्ने सम्बन्धमा तहाँबाट मिति .................मा आव्हान गरिए बमोजिम तलको तालिकामा उल्लेख भए बमोजिमको व्याजदरमा सोही बमोजिमको रकम लिन इच्छुक भएकोले निम्नानुसार दरभाउपत्र पेश गरिएको छ ।

| सि. नं | बैंकको नाम र ठेगाना | मुद्दती निक्षेप लिन चाहेको रकम रु. | प्रस्तावित व्याज दर | व्याजदर प्रदान गरिने अवधि |
|---|---|---|---|---|
| १. | | | | |

यस.....................को .....................महिनाको वित्तीय सूचकांक यस प्रकार रहेको छ ।

| क.स. | विवरण | वित्तीय सूचकांक |
|---|---|---|
| १. | पूँजीको कोष : | |
| २. | निष्क्रीय कर्जा NPA : | |
| ३. | चुक्ता पूजीको आकार : | |
| ४. | खुद तरल सम्पत्ति/स्वदेशी निक्षेप : | |
| ५. | कर्जा स्वदेशी निक्षेप तथा प्राथमिक पूँजी अनुपात : | |
| ६. | रियल स्टेट कर्जा कूल कर्जा : | |
| | जम्मा निक्षेप रकम :<br>( क) संस्थागत .......<br>(ख) व्यक्तिगत ......... | |

## बैंकवाट स्वःघोषणा

(१) नेपाल राष्ट्र बैंकबाट शीघ्र सुधारात्मक कारवाहीमा नपरेको ☐

(२) कारवाहीमा परेको भए फुकुवा भएको १ वर्ष भएको ☐

(३) नेपाल राष्ट्र बैंकबाट समस्याग्रस्त बैंक घोषणा नभएको ☐

(४) बैंक निक्षेप लगानी लिन योग्य भएको ☐

**बैंकको आधिकारिक पदाधिकारीको नाम :**

**दस्तखत :**

**बैंकको नाम :**

**बैंकको ठेगाना :**

**बैंकको छाप :**

**पद :प्रमुख कार्यकारी अधिकृत**

# वैदेशिक रोजगार कल्याणकारी कोषको रकम मुद्धती खातामा राख्ने बारेको करार सम्झौता

लिखितम वैदेशिक रोजगार प्रबर्द्धन वोर्डको सचिवालय नयाँबानेश्वर, काठमाण्डौ (यसपछि प्रथम पक्ष भनिएको ) र श्री …………….. बैंक लिमिटेड, …………काठमाण्डौ (यसपछि दोश्रो पक्ष भनिएको ) बिच बैदेशिक रोजगार कल्याणकारी कोषमा रहेको रकम कल्याणकारी कोष ब्यवस्थापन समितिको मिति ……….. को निर्णयानुसार रु………………………… (अक्षरेपी ………………. ) मात्र दोश्रो पक्षले प्रथम पक्षको नाममा १ (एक) बर्षको मुद्धति खातामा राख्ने तथा बार्षिक ………. (अक्षरमा ब्याज प्रतिसत ) का दरले त्रैमासिक रुपमा प्रथम पक्षलाइ ब्याज प्रदान गर्ने गरि पेशभएको दोश्रो पक्षको प्रस्ताव स्वीकृत भए अनुसार तपसिल बमोजिम गर्न गराउन हामी दुबै पक्ष सहमत भएकाले तपसिलका व्यक्तिको रोहबरमा यो सम्झौता गरि एकएक प्रति लियौ दियौ ।

**सम्झौताका शर्तहरु:**

१. यो सम्झौता मिति २०७ . .।…। .. देखि १ (एक) बर्ष अर्थात मिति ………. सम्म बहाल रहने छ ।
२. वार्षिक ……….प्रतिसतले हुने व्याज रकम दोश्रो पक्षले …….. रुपमा प्रथम पक्षको **बैदेशिक रोजगार कल्याणकारी कोष** को नाममा एभरेष्ट बैङ्क लिमिटेड सिंहदरवारमा रहेको हि.नं. ००१०११०२२००००६ खातामा जम्मा गरि सोको भौचर र बैङ्क स्टेटमेन्ट साथ राखि आधिकारीक पत्रसहित पहिलो पक्षलाई श्राबण, कार्तिक, माघ र बैशाख ७ गते भित्र अनिवार्य रुपमा बुझाउनु पर्ने छ ।
३. मासिक/त्रैमासिक रुपमा जम्मा गर्नु पर्ने व्याज वापतको रकम अवधि समाप्त भएको ५ (पाँच) दिनभित्र जम्मा गरिदिनुपर्नेछ । उक्त समय भन्दा बिलम्ब भएमा ०.०५ प्रतिशत प्रतिदिन व्याज रकमको बिलम्ब शुल्क लाग्ने छ ।
४. सम्झौता वहाल रहेको अवधि भित्र प्रथम पक्षले मुद्धति खातामा रहेको रकम झिक्न पाउनेछैन । झिक्नु परेमा दोश्रो पक्षको नियमानुसार आपसी सहमतिमा तय भए अनुसार हुनेछ ।
५. मुद्धति खातामा राखेको रकम परिपक्क हुनु भन्दा ३० दिन पहिले दोश्रो पक्षले पहिलो पक्षलाई जानकारी गराउनु पर्ने छ । रकम परिपक्व भएको भोलीपल्ट प्रथम पक्षको **<u>बैदेशिक रोजगार कल्याणकारी कोष</u>** को माथि उल्लेखित खातामा जम्मा गरि अथवा उक्त कोषको नाममा मेनेजर चेक ( एम.सी.) मार्फत सम्पूर्ण रकम अनिवार्य रुपमा प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।
६. यो सम्झौतामा दोश्रो पक्षले प्रथम पक्षलाई पठाउनु पर्ने/बुझाउनु पर्ने भनि उल्लेख भएका मुद्धतिको रकम, ब्याज रकम र सो को विवरणहरु समयमा प्राप्त भए /नभएको वारे प्रथम पक्षले अनुगमन गर्नेछ । प्राप्त नभएमा दोश्रो पक्षलाई जानकारी गराउने तथा पटक पटक प्राप्त नभएमा यो सम्झौताको उलघंन गरेको मानि कानुन बमोजिम हुनेछ ।
७. यो सम्झौतामा उल्लेख भएका बुदाहरुमा यसै बमोजिम तथा उल्लेख नभएका बुदाहरुका सम्बन्धमा समस्या उत्पन्न भएमा प्रचलित ऐन नियम बमोजिम समाधान गर्न दुबै पक्ष मंन्जुर छौ ।

| **वोर्डको तर्फबाट** | **बैंकको तर्फबाट** |
|---|---|
| दस्तखत : | दस्तखत: |
| नाम : | नाम : |
| पद: कार्यकारी निर्देशक | पद: |
| **साक्षी** | **साक्षी** |
| दस्तखत : | दस्तखत: |
| नाम : . | नाम : |
| पद : लेखा अधिकृत | पद: |

इति सम्बत २०७५ साल …… महिना……….गते रोज…….. शुभम् ।